# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, फागुन ०६ गते, २०८१ साल (अतिरिक्ताङ्क २४


## भाग १

### बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८१ सालको ऐन नं. ०६**

**प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना**ः प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा २ मा संशोधनः** प्रदेश खेलकुद विकास ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) र खण्ड (ग) मा रहेको "सामाजिक विकास" भन्ने शब्दहरुको सट्टा "खेलकुद सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"**३१. प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालयमार्फत राख्नु पर्नेछ।"

प्रमाणीकरण मितिः २०८१।११।०६

**आज्ञाले,**
**हरिहर पोखेल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.५।-